# Voluntary Assisted Dying in Tasmania



## सान्दर्भिक तथ्यहरू

मिति: १६ अगस्ट २०२२

Department of Health

Tasmanian Government

# यो प्रकाशनको बारेमा

यो प्रकाशन (*सान्दर्भिक तथ्यहरू)* स्वैच्छिक सहायताप्राप्त मरण (voluntary assisted dying) मा पहुँचको लागि पहिलो औपचारिक अनुरोध गर्न चाहने वा प्रयास गर्ने व्यक्तिलाई दिइनु पर्छ। यो त्यस्तो व्यक्तिको परिवारको सदस्यलाई पनि दिइनेछ, जसले पहिलो औपचारिक अनुरोध पश्चात, स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य हुनका लागि, यदि सो व्यक्तिले सहमति दिएको छ भने।

स्वेच्छिक सहायता प्राप्त मृत्यु एक कानूनी प्रक्रिया हो जसले रोगले पीडित व्यक्तिलाई आफ्नो जीवन समाप्त गर्न पदार्थमाथिको पहुँच पाउन सक्षम बनाउँछ।

स्वेच्छिक सहायता प्राप्त मरण संचरण सेवा (Voluntary Assisted Dying Navigation Service) ले तस्मानियामा स्वेच्छिक सहायताप्राप्त मृत्युको बारेमा थप जानकारी प्रदान गर्न सक्छ। सो सेवाले व्यक्तिलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा भाग लिन इच्छुक र अधिकारप्राप्त चिकित्सक वा दर्तावाला नर्स फेला पार्न र मद्दत चाहिने मानिसहरूलाई सो सुविधा प्रदान गर्नसक्ने सेवाहरूमा जोडिन मद्दत गर्न सक्छ। Voluntary Assisted Dying Navigation Service लाई सम्पर्क गर्न 1800 568 956 (निःशुल्क) मा फोन गर्नुहोस् वा vad@health.tas.gov.au मा इमेल गर्नुहोस्।

यो प्रकाशन स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग (Voluntary Assisted Dying Commission) द्वारा अनुमोदित छ।Voluntary Assisted Dying Commission लाई सम्पर्क गर्न 1800 568 956 (निःशुल्क) मा फोन गर्नुहोस्, vad@health.tas.gov.au मा इमेल गर्नुहोस् वा GPO Box 125, HOBART TAS 7001 मा पत्र पठाउनुहोस्।

यस प्रकाशनका अंशहरू *प्रतिलिपि अधिकार ऐन 1968* ले अनुमति दिएअनुसार उपयुक्त स्वीकारोक्तिका सहित पुन: प्रकाशन गर्न सकिन्छ।

**स्वीकारोक्ति**

यस प्रकाशनका खण्डहरू पश्चिमी अष्ट्रेलिया सरकारको प्रकाशन *स्वेच्छिक सहयोगप्राप्त मृत्युको लागि पहिलो अनुरोध गर्ने व्यक्तिको लागि स्वीकृत जानकारी,* स्वास्थ्य विभाग (Department of Health) २०२२ मा आधारित छन्।

# स्वेच्छिक सहयोगप्राप्त मृत्यु (Voluntary Assisted Dying) भनेको के हो?

स्वेच्छिक सहायताप्राप्त मृत्यु (Voluntary Assisted Dying) भनेको एक प्रक्रिया हो जसले एक व्यक्ति जो निको नहुने ा रोगी अवस्थाबाट पीडित छ, चिकित्सा चिकित्सकहरूको समर्थन र सहयोगको साथ, आफ्नो जीवन समाप्त गर्नको लागि कानुनी रूपमा उपयुक्त सामग्री पहुँच गर्न सक्षम बनाउँछ।

व्यक्तिले यो पदार्थ आफैं लिने वा कुनै चिकित्सक वा दर्तावाल नर्सको सहयोगमा वा तिनीहरूलाई दिइने भन्ने छनौट गर्न सक्छ।

तस्मानियामा स्वेच्छिक सहायताप्राप्त मृत्युलाई तस्मानिया *जीवन अन्त्यको विकल्प (स्वेच्छिक सहायताप्राप्त मृत्यु) ऐन २०२१ (ऐन) ले नियमन गर्छ।* ऐनले तस्मानियामा कुनै व्यक्ति स्वेच्छिक सहायताप्राप्त मृत्यु पहुँच गर्न योग्य छ भनेर पहिचान गर्दछ र स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा चरणहरू तय गर्दछ। यसले स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग पनि स्थापना गर्दछ। यसमा www.legislation.tas.gov.au बाट पाउन सकिन्छ।

# स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न को योग्य हुन्छ?

कुनै व्यक्तिले सबै योग्यता मापदण्डहरू पूरा गर्छन् भने उनीहरूले तस्मानियामा स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य हुन्छन्।

## उमेर

सो व्यक्ति एक वयस्क (१८ वा माथि) हुनुपर्छ।

## बसोबासको अवस्था

सो व्यक्ति अष्ट्रेलियाको नागरिक वा स्थायी बासिन्दा हुनुपर्दछ वा उनीहरूले आफ्नो पहिलो औपचारिक अनुरोध गर्दा कम्तिमा तीन वर्ष अष्ट्रेलियामा बसेको हुनुपर्छ। उक्त व्यक्तिले आफ्नो पहिलो औपचारिक अनुरोध गर्नुभन्दा तत्काल पहिले, लगातार कम्तिमा १२ महिनादेखि तस्मानियामा बसेको हुनुपर्छ।

## चिकित्सा आवश्यकताहरू

सो व्यक्तिमा एक छिप्पिएको, निको नहुने र अपरिवर्तनीय रोगको अवस्था हुनुपर्दछ जसको सो व्यक्तिलाई स्वीकार्य हुने तरिकाले उपचार गर्न सकिँदैन, र यसले छ महिनाभित्र, वा १२ महिनाभित्रमा उक्त अवस्था बोग्रदै गएमा (न्यूरोडिजेनेरेटिभ भएमा) उनीहरूको मृत्यु हुने अपेक्षा गरिन्छ।

सो व्यक्तिले पनि आफ्नो रोगी अवस्थाको कारण निरन्तर पीडा अनुभव गरिरहेको हुनुपर्छ जसलाई **उनीहरूले** सहन सक्दैन र त्यसलाई **उनीहरूले** स्वीकार गर्ने तरिकाले उपचार गर्न सकिँदैन।

## स्वेच्छिकता

सो व्यक्तिले स्वेच्छिक रूपमा निर्णय गर्नुपर्छ। अर्थात्, उनीहरूले जबरजस्ती (अरूद्वारा दबाबको महसुस) वा जबरजस्ती (बल) बिना कदम चालेको हुनुपर्छ वा उनीहरूले धम्की महसुस गरेको वा उनीहरूलाई सजाय वा कुनै न कुनै तरिकाले नराम्रो व्यवहार वा बढी नै अनुकूल व्यवहार गरिएको हुनुहुँदैन।

## निर्णय क्षमता

सो व्यक्तिमा स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा निर्णय गर्ने क्षमता हुनुपर्छ, उनीहरूले अन्तिम अनुमति दिँदा समेत।


यसको मतलब एक व्यक्तिसँग निम्न क्षमता हुनुपर्छ:

- निर्णय गर्न सक्षम हुन उनीहरुलाई आवश्यक जानकारी वा सल्लाह बुझ्ने,
- निर्णय गर्न सक्षम हुन धेरै जानकारी वा सल्लाहको सम्झना गर्न सक्ने,
- निर्णय गर्न जानकारी वा सल्लाहको प्रयोग वा मूल्याङ्कन गर्ने, र
- निर्णय र निर्णयबारे तिनीहरूको धारणा कुनै न कुनै तरिकामा सञ्चार गर्न सक्ने।

# व्यक्तिको योग्यता कसरी निर्धारण गरिन्छ?

स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा चिकित्सकहरूले प्रत्येक बिन्दुमा योग्यता निर्धारण गर्ने लगायत धेरै औपचारिक चरणहरू छन्। ती चरणहरूको तल व्याख्या गरिएका छन्।

कुनै पनि औपचारिक चरणहरूमा, सो व्यक्तिले निर्णय गर्ने क्षमता गुमाएमा, वा चिकित्सकले उनीहरुले स्वेच्छाले काम गरिरहेको छैन भन्ने विश्वास गरेमा सो व्यक्ति अयोग्य हुनेछ।




स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा सक्रिय रूपमा संलग्न हुन, व्यक्तिको चिकित्सा स्वास्थकर्मी (विज्ञ) (वा दर्तावाल नर्स) उपयुक्त रूपमा योग्य र अनुभवी हुनुपर्छ। तिनीहरूले विशेष प्रशिक्षण पनि पूरा गरेको हुनुपर्छ।

चिकित्सा स्वास्थकर्मी (विज्ञ)हरू, दर्तावाल नर्सहरू, र फार्मासिस्टहरू स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा सहभागी हुन बाध्य हुने छैनन्। तिनीहरूले अस्वीकार गर्न सक्छन् किनभने तिनीहरूलाई  स्वेच्छिक सहायताप्राप्त मृत्युमा विवेकपूर्ण आपत्ति छ, किनभने तिनीहरू उपयुक्त रूपमा योग्य र अनुभवी छैनन्, किनभने तिनीहरूले विशेष प्रशिक्षण पूरा गरेका छैनन्, वा अन्य कुनै कारणले। उनीहरूले किन भाग लिन अस्वीकार गरे भनेर व्याख्या गर्न आवश्यक छैन।

स्वेच्छिक सहायताप्राप्त मृत्युबारे चिकित्सक वा दर्तावाल नर्ससँग छलफल गर्दैमा स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रिया स्वतः सुरु हुने छैन। सो व्यक्तिले प्रक्रिया सुरु गर्नको लागि पहिलो औपचारिक अनुरोध गर्नुपर्छ।

**एक व्यक्तिले कुनै पनि बिन्दुमा प्रक्रिया रोक्न सक्छ।**

# स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रिया

## First Request

पहिलो अनुरोध भनेको एक व्यक्तिले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ वा छैन भनी निर्धारण गर्नको लागि चिकित्सा स्वास्थकर्मी (विज्ञ)लाई गरेको औपचारिक अनुरोध हो। अनुरोध गर्नुअघि सो व्यक्तिले *सान्दर्भिक तथ्यहरू* (यो प्रकाशन) को एक प्रतिलिपि विशेष चिकित्सकबाट व्यक्तिगतरूपमा प्राप्त गरेको हुनुपर्छ, इमेल, इन्टरनेट वा हुलाकद्वारा होइन।

पहिलो अनुरोध मौखिक वा लिखित रूपमा गर्न सकिन्छ। आफ्नो पहिलो अनुरोध मौखिक रूपमा गर्ने व्यक्तिले आफ्नो चिकित्सकलाई व्यक्तिगत रूपमा, स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न चाहेको कुरा स्पष्ट रूपमा संकेत गर्नुपर्छ। लिखित रूपमा आफ्नो पहिलो अनुरोध गर्ने व्यक्तिले कि त आफैँले अनुरोधमा हस्ताक्षर गर्न सक्छ वा यदि उनीहरूले आफैंले हस्ताक्षर गर्न सक्दैनन् भने, उनीहरूको तर्फबाट हस्ताक्षर गर्ने अर्को व्यक्ति हुन्छ।

चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्तिको पहिलो अनुरोध स्वीकार गर्ने वा अस्वीकार गर्ने निर्णय गर्नेछ।

एक चिकित्सा स्वास्थकर्मी (विज्ञ) जसले व्यक्तिको पहिलो अनुरोध स्वीकार गर्ने निर्णय गर्छ त्यो प्रक्रियाको लागि सो व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) हुन्छ।

प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्तिलाई उनीहरूको अवस्था र उपचार, रोगको भविष्यको नतिजा, र उपशामक हेरचाह र उपचार विकल्पहरूको बारेमा जानकारी दिनेछन्।

त्यसपछि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न व्यक्ति योग्य छ वा अयोग्य छ भनी निर्धारण गर्नेछ।

यदि अङ्ग्रेजी व्यक्तिको पहिलो भाषा होइन भने, वा उनीहरूलाई सञ्चारमा कठिनाइहरू छन् भने, अनुवादक वा अन्य व्यक्तिले सो व्यक्तिको तर्फबाट पहिलो औपचारिक अनुरोध गर्न सक्छन्।

## Second Request

यदि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्ति स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ भनी निर्धारण गरेमा, सो व्यक्तिले ४८ घण्टापछि दोस्रो अनुरोध गर्न सक्छ।

दोस्रो अनुरोध लिखित रूपमा हुनुपर्छ र साक्षी हुनुपर्छ।

दोस्रो अनुरोधले प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) लाई दोस्रो पटक सो व्यक्ति स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ कि छैन भनेर निर्धारण गर्न अनुरोध गर्छ।

त्यसपछि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न सो व्यक्ति योग्य छ वा अयोग्य छ भनी निर्धारण गर्नेछ।

### Second Opinion Referral

यदि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्ति दोस्रो अनुरोधमा स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ भनी निर्धारण गरेमा, प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्तिलाई दोस्रो रायको लागि अर्को चिकित्सा स्वास्थकर्मी (विज्ञ) कहाँ सिफारिस (रिफर) गर्नु पर्छ।

सो व्यक्तिलाई रेफर गरिएको चिकित्सकले सिफारिश स्वीकार गर्ने वा अस्वीकार गर्ने निर्णय गर्नुपर्छ।

रेफरल स्वीकार गर्ने निर्णय गर्ने चिकित्सा स्वास्थकर्मी (विज्ञ) प्रक्रियाको लागि सो व्यक्तिको परामर्शदाता चिकित्सा स्वास्थकर्मी (विज्ञ) बन्छ।

परामर्शदाता चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले सो व्यक्तिको चिकित्सा इतिहास र अन्य कुनै पनि सान्दर्भिक जानकारीलाई विचार गर्नेछ। परामर्शदाता चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले पनि व्यक्तिको जाँच गर्न सक्छन् तर त्यसो गर्नु पर्दैन।

त्यसपछि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न व्यक्ति योग्य छ वा अयोग्य छ भनी निर्धारण गर्नेछ।

### Final Request

यदि परामर्शदाता चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले व्यक्ति स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ भनी निर्धारण गर्छ भने, सो व्यक्तिले आफ्नो प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) लाई अन्तिम अनुरोध गर्न सक्छ।

अन्तिम अनुरोध लिखित रूपमा हुनुपर्छ।

त्यसपछि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न सो व्यक्ति योग्य छ वा अयोग्य छ भनी निर्धारण गर्नेछ।

यदि व्यक्ति अझै योग्य छ भने, प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले त्यसपछि व्यक्तिको औषधि दिने स्वास्थ्य स्वास्थकर्मी (विज्ञ) (सो व्यक्तिलाई स्वेच्छिक सहायताप्राप्त मर्ने पदार्थ आपूर्ति गर्ने वा व्यवस्थापन गर्ने व्यक्ति) बन्ने निर्णय गर्नेछ। यदि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले औषधि दिने स्वास्थ्य स्वास्थकर्मी  नहुने निर्णय गरेमा, अर्को चिकित्सा स्वास्थकर्मी वा दर्तावाल नर्सलाई यो भूमिका लिन नियुक्त गरिनेछ।

## VAD Substance Authorisation, Prescription and Supply

यदि प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले अन्तिम अनुरोधको विन्दुमा व्यक्ति स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य छ भनी निर्धारण गरेमा, प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) ले स्वेच्छिक सहायताप्राप्त मृत्यु हुने औषधी पदार्थको स्वीकृति जारी गर्न स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग (Voluntary Assisted Dying Commission) लाई अनुरोध गर्नेछ।

स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगले व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मीलाई औषधी पदार्थको स्वीकृत जारी गर्ने वा अस्वीकार गर्नेछ। आयोगले प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) बाट सबै आवश्यक जानकारी प्राप्त गरेको र ऐनका सबै पक्षहरू पूरा भएको कुरामा सन्तुष्ट भएमा मात्र औषधी पदार्थको स्वीकृति जारी गर्न सक्छ।

औषधी पदार्थको स्वीकृति विवरणहरू छनौट गरिएको औषधि दिइने विधिको आधारमा फरक हुनेछ। यसको मतलब यो हो कि व्यक्तिले औषधी पदार्थको स्वीकृति जारी गर्नुअघि उसले औषधी पदार्थलाई कसरी लिन चाहन्छ भन्ने निर्णय गरेको हुनुपर्छ (यदि व्यक्तिको परिस्थिति परिवर्तन भयो भने यो पछि परिवर्तन हुन सक्छ)।

यदि स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगले औषधी पदार्थको स्वीकृति जारी गर्दछ भने, प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ)ले स्वेच्छिक सहायताप्राप्त मृत्यु हुने औषधी पदार्थको निर्धारण गर्नेछ।

प्रायः औषधिजस्तो यो औषधी पदार्थको प्रिस्क्रिप्शन व्यक्तिलाई दिइने छैन। बरु, यो सीधै विशेषज्ञ फार्मासिस्टलाई दिइनेछ।

विशेषज्ञ फार्मासिस्टले उनीहरूसँग सो व्यक्तिको स्वास्थ्य अवस्थाबारे छलफल गर्नेछन्। विशेषज्ञ फार्मासिस्टले त्यसपछि सो व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मीलाई स्वेच्छिक सहायताप्राप्त मर्ने औषधी पदार्थ आपूर्ति गर्नेछ।

व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मीले औषधी पदार्थलाई प्रयोग गर्न आवश्यक नभएसम्म सुरक्षित रूपमा भण्डारण गर्नेछ।

## Final Determination and Final Permission

व्यक्तिको औषधि दिने स्वास्थ्य स्वास्थकर्मीले व्यक्तिसँग अझै निर्णय गर्ने क्षमता छ कि छैन र व्यक्तिले मृत्युको लागि सहायता प्राप्त गर्नुअघि उसले स्वेच्छाले काम गरिरहेको छ कि छैन भनेर निर्धारण गर्नुपर्छ। यो निर्णयलाई अन्तिम निर्धारण ( Final Determination) भनिन्छ।

यदि औषधि दिने स्वास्थ्य स्वास्थकर्मीले व्यक्तिसँग निर्णय गर्ने क्षमता छ र स्वेच्छाले काम गरिरहेको छ भने औषधि दिने स्वास्थ्य स्वास्थकर्मीले व्यक्तिलाई मृत्युको लागि सहायता प्राप्त गर्न योग्य छ भनी सल्लाह दिनेछ।

त्यसपछि सो व्यक्तिले आफ्नो औषधि दिने स्वास्थ्य चिकित्सकलाई अन्तिम अनुमति दिन सक्छ।


अन्तिम अनुमति लिखित रूपमा हुनुपर्छ।



Administration

एक व्यक्तिले या त व्यक्तिगत रूपमा  औषधी पदार्थलाई आफैँ लिने निर्णय गर्न सक्छ (यसलाई उनीहरु आफैँले लिने), वा उनीहरूको औषधि दिने स्वास्थ्य चिकित्सकले, वा उनीहरूको सहायताले औषधीपदार्थलाई दिने भन्ने निर्णय गर्न सक्छ।

कुनै व्यक्ति जसले औषधी पदार्थ आफैं लिने निर्णय गर्छ भने उसले अर्को व्यक्तिलाई आफ्नो सम्पर्क व्यक्तिको रूपमा नियुक्त गर्नुपर्छ।



स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाका केही भागहरूमा समय सीमाहरू लागू हुन्छन्:

- एक चिकित्सकसँग व्यक्तिको पहिलो अनुरोध स्वीकार गर्ने वा नगर्ने निर्णय गर्न ४८ घण्टा हुन्छ।
- एक व्यक्तिको पहिलो अनुरोध र दोस्रो अनुरोधबीचको समय, र व्यक्तिको दोस्रो अनुरोध र अन्तिम अनुरोधबीचको समय, विशेष परिस्थितिहरू लागू नभएसम्म, प्रत्येक मामलामा कम्तिमा ४८ घण्टा हुनुपर्छ।
- एक व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ) बाट रेफरल स्वीकार गर्ने वा नगर्ने निर्णय गर्न एक चिकित्सकसँग ४८ घण्टा हुन्छ।
- एक व्यक्तिको औषधि दिने स्वास्थ्य स्वास्थकर्मी (विज्ञ) ले अन्तिम अनुरोध पछ्याएर र उनीहरु स्वेच्छिक रूपमा काम गरिरहेको र निर्णय गर्ने क्षमता छ भनी निर्धारण गरेपछि, २४ घण्टाभित्र, व्यक्तिलाई मृत्युको लागि सहायताप्राप्त गर्न योग्य छ भनी सल्लाह दिनुपर्छ।

# स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग (Voluntary Assisted Dying Commission) को बारेमा जानकारी

तस्मानियाको स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग निम्न कामहरू गर्छः

- ऐनको सञ्चालनको अनुगमन गर्ने,
- व्यक्तिको निवास, निर्णय क्षमता, र स्वेच्छिकताबारेको निर्णयहरू समीक्षा गर्ने,
- ऐनको संदिग्ध उल्लङ्घनहरूको अनुसन्धान गर्ने, र
- स्वेच्छिक सहायताप्राप्त मर्ने औषधी पदार्थको स्वीकृति जारी गर्ने।

स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगको यी कार्यहरूमा मद्दत गर्नको लागि एउटा कार्यालय छ।

स्वेच्छिक सहायता प्राप्त मृत्यु आयोगले मानिसहरूलाई स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न र ऐनको बारेमा जानकारी वितरण गर्न मद्दत गर्दछ। स्वेच्छिक सहायताप्राप्त मृत्यु संचरण सेवा (Voluntary Assisted Dying Navigation Service) ले आयोगको तर्फबाट यी कार्यहरू गर्दछ।

## समीक्षा

स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगले अनुरोध गरेमा, व्यक्तिको निवास, निर्णय गर्ने क्षमता, र स्वेच्छिकताको बारेमा व्यक्तिको प्राथमिक चिकित्सा स्वास्थकर्मी (विज्ञ), उनीहरूको परामर्श चिकित्सा स्वास्थकर्मी (विज्ञ), वा उनीहरूको औषधि  दिने स्वास्थ्य स्वास्थकर्मी (विज्ञ)ले गरेका निर्णयहरूको समीक्षा गर्न सक्छ।

## अनुसन्धान

स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगले कुनै व्यक्तिको सूचना पछ्याएर वा आफ्नै चेष्टामा ऐनको शंकास्पद उल्लङ्घनहरूको अनुसन्धान गर्न सक्छ। आयोगले शंकास्पद उल्लङ्घनलाई अस्ट्रेलियन हेल्थ प्रयाक्टिसनर रेगुलेसन एजेन्सी (Australian Health Practitioner Regulation Agency) (Ahpra) वा तस्मानिया पुलिसजस्ता अन्य निकायमा पनि पठाउन सक्छ।

## पूर्वानुमान (प्रोग्नोसिस) बाट छुट

स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोगले यो पनि निर्धारण गर्न सक्छ कि कुनै व्यक्तिको अवस्थाले छ महिनाभित्रमा, वा यदि अवस्था न्यूरोडिजेनेरेटिभ छ भने १२ महिनाभित्रमा मृत्यु हुने अपेक्षा गरिएको छ भने सो आवश्यकताबाट छुट हुन्छ।

आयोगले मात्र व्यक्तिलाई छुट छ भनी निर्णय गर्न सक्छ यदि व्यक्तिको स्वास्थ्यको पूर्वानुमान आवश्यकता लागू नहुने खालको छ भन्नेमा यो सन्तुष्ट छ भने।

## आयोगलाई सम्पर्क गर्ने

आयोग सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुन्छ ।

| | |
|---|---|
| हुलाक विवरण | स्वेच्छिक सहायताप्राप्त मृत्यु आयोग (Voluntary Assisted Dying Commission )<br>स्वास्थ्य विभाग (Department of Health )<br>GPO Box 125<br>HOBART TAS 7001 |
| टेलिफोन | 1800 568 956 (निःशुल्क) |
| इमेल | vad@health.tas.gov.au |
| वेबसाइट | www.health.tas.gov.au/vad/commission |

## संचरण (नेभिगेसन) सेवालाई सम्पर्क गर्ने

नेभिगेसन सेवा सोमबार-शुक्रबार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुन्छ।

| | |
|---|---|
| हुलाक विवरण | स्वेच्छिक सहयोगप्राप्त मृत्यु संचरण सेवा (Voluntary Assisted Dying Navigation Service)<br>तस्मानिया स्वास्थ्य सेवा (Tasmanian Health Service)<br>GPO Box 125<br>HOBART TAS 7001 |
| टेलिफोन | 1800 568 956 (निःशुल्क) |
| इमेल | vad@health.tas.gov.au |
| वेबसाइट | www.health.tas.gov.au/vad/commission |

# 'प्यालिएटिभ' केयर (रोग व्यवस्थापन गर्ने हेरचाह), उपचार, र दुखाइ कम गर्ने विकल्पहरूको बारेमा जानकारी

तस्मानियाको स्वास्थ्य विभागले तस्मानियाभरका मानिसहरूलाई 'प्यालिएटिभ' हेरचाह, जीवन अन्त्यको योजनाको बारेमा जानकारी र सहयोग प्रदान गर्दछ। विभागको विशेषज्ञ प्यालिएटिभ केयर सेवाको लागि विभागको वेबसाइट र सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.health.tas.gov.au/palliativecare |
| North-West: | 6477 7760, सोमबारदेखि शुक्रबारसम्म,<br>बिहान ८.३० देखि - अपरान्ह ४.०० बजेसम्म |
| North: | 6777 4544, सोमबारदेखि शुक्रबारसम्म,<br>बिहान ८.३० देखि - अपरान्ह ४.३० बजेसम्म |
| South: | 6166 2820, सोमबारदेखि शुक्रबारसम्म,<br>बिहान ८.०० देखि - अपरान्ह ४.३० बजेसम्म |

*प्यालिएटिभ केयर तस्मानिया (Palliative Care Tasmania)* एक स्वतन्त्र संस्था हो जसले जीवन-सीमित गर्ने रोग भएका तस्मानियाबासीहरूलाई र तिनीहरूका परिवारहरूलाई जानकारी र सहयोग प्रदान गर्न सक्छ, र तस्मानियाभरि प्यालिएटिभ हेरचाह सेवाहरूको बारेमा जानकारी प्रदान गर्दछ। उनीहरूको सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.pallcaretas.org.au |
| इमेल: | admin@pct.org.au |
| State-wide: | 6231 2799 |

*CareSearch* प्यालिएटिभ हेरचाह ज्ञान नेटवर्कले पेशेवर स्वास्थ्य विज्ञहरू, प्यालिएटिभ हेरचाह चाहिने मानिसहरू र उनीहरूका परिवारहरू, र सामान्य समुदायका लागि प्यालिएटिभ हेरचाहको बारेमा अनलाइन संसाधन र जानकारी प्रदान गर्दछ। उनीहरूको सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.caresearch.com.au |

# सामान्य सहायताबारे जानकारी

*Beyond Blue* ले मानसिक स्वास्थ्य र कल्याणको लागि सहायता प्रदान गर्न सक्छ, विशेषगरी यदि तपाईं चिन्ता वा डिप्रेसनको अनुभव गर्दै हुनुहुन्छ भने। उनीहरूको सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.beyondblue.org.au |
| फोन: | 1300 224 636 (दिन वा रातको कुनै पनि समय) |

*Lifeline* ले यदि तपाईंलाई भावनात्मक पीडाको सामना गर्न तत्काल मद्दत चाहिन्छ भने संकट सहायता प्रदान गर्न सक्छ। उनीहरूको सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.lifeline.org.au |
| फोन: | 13 11 14 (दिन वा रात कुनै पनि समय) |

यदि तपाईंलाई एक पटकको वा निरन्तर सहायता चाहिन्छ भने *Tasmanian Lifeline* तस्मानियामा अवस्थित टेलिफोन सहायता सेवा हो। उनीहरूको सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.atasmanianlifeline.com.au |
| फोन: | 1800 984 434 सहायताका लागि (बिहान ८.00 बजे देखि बेलुकी ८.00 बजे सम्म, हप्ताको ७ दिन) |

**यदि तपाईं वा अरू कोही तत्काल खतरामा हुनुहुन्छ भने, 000 मा फोन गर्नुहोस्।**

Tasmanian Government

Department of Health
GPO Box 125,
Hobart 7001 Tasmania
www.health.tas.gov.au